मोदी गाउँपालिका गाउँसभाको १९ औ अधिवेशनमा

गाउँपालिका अध्यक्ष श्री हिरादेवी शर्मा द्वारा प्रस्तुत

आर्थिक बर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

मोदी गाउँपालिका

पातिचौर,पर्वत

२०८३ साल अषाढ ९ गते

# मोदी गाउँपालिका, पर्वतको
# आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम

**मोदी गाउँपालिका पर्वतका सम्पूर्ण आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरू,**

१. **"गाउँ-गाउँमा सिंहदरबार"** भन्ने संघीय शासन व्यवस्थाको मूल मर्मलाई आत्मसात् गर्दै दिगो शान्ति, सुशासन, समावेशी विकास तथा समृद्ध मोदी निर्माणको लक्ष्य हासिल गर्न गाउँपालिकाले निरन्तर प्रयत्न गर्दै आएको छ। आम मोदीवासीको हक, हित, समृद्धि र जीवनस्तर उकास्ने अभियानमा समर्पित यस जनप्रतिनिधिमूलक नेतृत्वको चार वर्षे कार्यकाल सम्पन्न भएको सुखद अवसरमा, नागरिकको विश्वास, अपेक्षा र सहभागितालाई केन्द्रमा राखी तयार गरिएको **मोदी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम** यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित र हर्षित भएको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना, लोकतन्त्रको संस्थागत विकास तथा जनअधिकारको सुनिश्चितताका लागि विभिन्न कालखण्डमा सञ्चालित ऐतिहासिक जनआन्दोलन, जनसंघर्ष तथा परिवर्तनका अभियानहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, लोकतान्त्रिक आन्दोलन तथा परिवर्तनका विभिन्न आन्दोलनका क्रममा बेपत्ता हुनुभएका नागरिक, घाइते योद्धा तथा पीडित परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दै राष्ट्र निर्माण र लोकतान्त्रिक मूल्य-मान्यताको सुदृढीकरणमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज नेतृत्व, परिवर्तनकामी शक्तिहरू तथा नेपाली जनताको त्याग, समर्पण र योगदानलाई कृतज्ञतापूर्वक स्मरण गर्दछु।

३. संघीय शासन प्रणालीमा स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको, प्रत्यक्ष अनुभूति गर्न सकिने तथा जनजीवनका सुख-दुःखसँग जोडिएको सरकार हो भन्ने यथार्थलाई आत्मसात् गर्दै, स्थानीय आवश्यकतामा आधारित विकास, प्रभावकारी सेवा प्रवाह, सुशासनको प्रत्याभूति, सामाजिक न्याय, आर्थिक समृद्धि तथा दिगो विकासका लक्ष्यहरू हासिल गर्ने दृढ संकल्पका साथ यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। यस नीति तथा कार्यक्रममार्फत मोदी गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक तथा पूर्वाधार विकासलाई थप गतिशील

बनाउँदै **"समृद्ध मोदी, सुखी मोदीवासी"** को साझा आकांक्षा साकार पार्न मार्गनिर्देशन गर्ने विश्वास लिएको छु।

४. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख, समावेशी, न्यायपूर्ण र समृद्ध राष्ट्र निर्माणको राष्ट्रिय आकाङ्क्षालाई साकार पार्न "**समृद्ध मोदीः सुखी मोदीवासी**" को संकल्पसहित आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभामा प्रस्तुत गरेको छु। यस नीति तथा कार्यक्रमलाई नेपालको **सोह्रौं पञ्चवर्षिय योजना, दिगो विकास लक्ष्य २०३०, नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम एवं मोदी गाउँपालिकाको आवधिक योजना र विगत वर्षका उपलब्धि एवं सिकाइ**लाई आधार बनाई तर्जुमा गरिएको छ।

**सभाका सदस्यज्यूहरू,**

५. गाउँपालिकाको समग्र विकास, सुशासन, सेवा प्रवाह, आर्थिक समृद्धि तथा सामाजिक न्यायलाई सुदृढ बनाउन "समृद्ध समावेशी, हरित र आत्मनिर्भर गाउँपालिका" निर्माणको दीर्घकालीन सोच सहित यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गर्दै गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, मुल्य मान्यता एवं संस्कार सहितको गुणस्तरीय शिक्षा, स्वास्थ्य, लैंगिक समानता, जलवायु उत्थानशील कृषि प्रणालीको विकास एवं विपद व्यवस्थापन तथा सामाजिक समावेशीकरणलाई नीति तथा कार्यक्रमको केन्द्रमा राखिएको छ।

६. गाउँपालिकाको प्रशासन संयन्त्रलाई प्रविधिमैत्री, पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाइनेछ। सार्वजनिक सेवा प्रवाहलाई डिजिटल प्रणालीमा आबद्ध गर्दै "**डिजिटल मोदी गाउँपालिका**" अभियानका रुपमा सञ्चालन गरिनेछ। गाउँपालिकाका सबै शाखा तथा वडा कार्यालयमा क्रमशः ई-हाजिरी, अनलाइन सिफारिस, डिजिटल कर प्रणाली तथा विद्युतीय अभिलेखीकरण लागू गरिनेछ। अभिलेख व्यवस्थापन तथा संस्थागत स्मरणलाई प्रवधिमा आधारित बनाईनेछ। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नागरिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ। भ्रष्टाचारजन्य क्रियाकलाप तथा अनियमितता प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

७. कृषि क्षेत्रलाई गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधारका रूपमा विकास गरिनेछ। कृषकले उत्पादन गरेको कृषि उपजलाई बजार सँग जोड्न डिजिटल प्रणालीको विकास तथा बारीदेखि बजार सम्म कार्यक्रम संचालन गरिनेछ । कृषि उपजको भण्डारण, प्रशोधन र बजारीकरणका लागि गाँउपालिका स्तरीय कृषि उपज संकलन केन्द्र व्यबस्थापन तथा कृषि एम्बुलेन्स सञ्चालनका लागि सरकारी सहकारी र निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

८. माटोको गुणस्तर पहिचान गरी सुधारका उपायहरु सहित **"एक वडा : एक उत्पादन"** कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। सुन्तला, कागती किवी, कफी, अदुवा, बेसार, मौरीपालन तथा रैथाने बालीको व्यावसायिक उत्पादनमा विशेष जोड दिइनेछ।

९. बाँझो जमिन उपयोग गर्न "भूमि बैंक कार्यक्रम" सञ्चालन गरिनेछ। युवा, महिला, दलित तथा सीमान्तकृत समुदायलाई सामूहिक खेती प्रणालीमा प्रोत्साहन गरिनेछ। प्रमुख कृषि पूर्वाधारको रुपमा रहेको सिंचाईको लागि पुराना कुलो तथा नहरहरुको मर्मत सम्भार तथा आधुनिक सिंचाई पूर्वाधारहरुको निर्माणमा जोड दिईनेछ।

१०. कृषि बीमा, पशु बीमा तथा सहुलियतपूर्ण कृषि कर्जा कार्यक्रमलाई वास्तविक र व्यावसायिक कृषकमैत्री बनाई लागु गरिनेछ। कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धिको लागि व्यावसायिक कृषकलाई लक्षित गरी कृषि तथा पशुपंक्षी विमा प्रिमियममा अनुदान प्रदान गर्न आवश्यक वजेट विनियोजन गरिनेछ।

११. जैविक खेती, प्राङ्गारिक मल, जलवायु अनुकूल कृषि तथा रसायनिक विषादी न्यूनीकरण अभियान सञ्चालन गरिनेछ।

१२. व्यावसायिक पशुपालनलाई प्रवर्धन गर्न महामारीजन्य एवं संक्रामक रोग नियन्त्रण, खोप अभियान र नश्ल सुधार कार्यक्रमहरु संचालन गरिनेछ। पशुपालन मत्स्यपालन तथा पोल्ट्रि व्यबसायलाई आवस्यक अनुदानको व्यबस्था मिलाईने छ। **उत्पादनमा आधारित अनुदान कार्यक्रम**लाई निरन्तरता दिईने छ । कृतिम गर्भाधान कार्यक्रमलाई संघिय तथा प्रदेश निकायहरु सँगको सहकार्यमा थप व्यवस्थित र परिष्करण गरिनेछ।

१३. स्थानिय जातका मकै, कोदो, धान, गहुँ, जौ, उवा जस्ता प्राथमिक बालीनालीहरु तथा रैथाने एवं लोपोन्मुख प्रजातीका अन्नबाली, दलहन, मसलाजन्य बालीनालीको संरक्षणलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रमसँग क्रमशः आवद्ध गरिनेछ।

१४. कृषि बालीको संभाव्य क्षेत्रको अध्ययन अनुसन्धान मार्फत कृषि उत्पादनको पकेट क्षेत्र विकास गरी कृषकलाई आवश्यक यन्त्र/ उपकरण, मलखाद, विउविजन आदी प्रदान गरी उत्पादनमा जोड्ने नीति लिईनेछ। कृषकहरुलाई कृषि प्रणाली सँग सम्बन्धित नविनतम तथा असल अभ्यासहरुको बारेमा जानकारी दिन कृषि बाली पात्रो तयार गरी कार्यान्वयन गरिनेछ।

१५. कृषि वन तथा पर्यावरण सँग सम्बन्धित जैविक विविधताको अध्यन अनुसन्धान गरी उद्यमशिलता विकास गर्न त्रिभुवन विश्वविद्यालय जैविक विविधता केन्द्रिय विभाग सँग सहकार्य गरिनेछ।

१६. कृषि पूर्वाधार विकास तथा कृषिमा यान्त्रिकिकरण विविधिकरण तथा व्यावसायीकरणमा जोड दिईनेछ।गाउँपालिका स्तरिय चिस्यान केन्द्रको प्रभावकारी संचालन तथा व्यवस्थापन गरिनेछ।

१७. वन वनस्पती उद्यमशिलता विकास कृषि पर्यटन बैकल्पिक उर्जा जस्ता गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा अध्यन अनुसन्धान गर्ने विश्वविद्यालयका शोधार्थी विद्यार्थीहरुलाई अनुसन्धान वृतीको व्यवस्था गरिनेछ।

१८. किसान केन्द्रित कृषि सेवा प्रणाली विकास गरी घरदैलो तथा खेतबारीमा सहज र पहुँचयोग्य रुपमा कृषि प्राविधिक सेवा उपलब्ध गराईनेछ। बाँदर आतंक न्यूनीकरण गर्न मानव वस्ती तथा खेतीयोग्य र हाल किसानले खेतीपाती गरिरहेको जग्गाको १०० मिटर वरपरका निजी जग्गामा रहेका रुखहरु प्रचलित कानुनको अधिनमा रहि सम्बन्धित निकाय सँग आवश्यक समन्वय गरी कटान गर्ने नीति लिईनेछ। हाल गाउँमा बसोबास नगर्ने जग्गाधनीले गाउँमा बसोबास गर्ने घरपरिवारलाई खेतीपाती घरगोठ जिविकोपार्जनको संरचनामा प्रतिकुल असर पर्नेगरी रुख बुट्यान पाल्न नपाउने व्यवस्था कडाईका साथ कार्यान्वयन गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

१९. गाउँपालिका भित्रका पर्यटकिय गाउँहरुलाई ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गरिनेछ। धार्मिक, सांस्कृतिक, पर्यापर्यटन तथा कृषि पर्यटनलाई एकीकृत रूपमा प्रवर्द्धन गरिनेछ।

२०. पञ्चासे क्षेत्र, हम्पाल, सहश्रधारा, लेस्पार, भवरकोट, भुक, चित्रे लगायतका पर्यटकीय क्षेत्रको पूर्वाधार विकासलाइ प्राथमिकता दिइनेछ।

२१. होमस्टे, स्थानीय परिकार, लोकसंस्कृति तथा हस्तकलाको संरक्षण र प्रवर्द्धन गरिनेछ। स्थानीय कला संस्कृतिको प्रचार प्रसारलाई प्राथमिकता दिइनेछ।

२२. मोदी गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख आधारको रुपमा रहेका कृषि पर्यटन तथा उद्यमशिलता विकासलाई एकिकृत रुपमा विकास गरिनेछ। कृषि तथा पर्यटन को अन्तरआवद्धताको लागि स्थानिय सामुदायिक होमस्टेहरु सँग सहकार्य गरिनेछ।

२३. मोदी गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक होमस्टेहरुको क्षमता विकास डिजिटल मार्केटिङ गर्दै **एक होमस्टे एक स्थानिय स्वादको** रुपमा ब्रान्डिङ गरिनेछ।

२४. मोदी गाउँपालिका भित्र रहेका पर्यटकिय पदमार्गहरुको मर्मत सम्भार, पदमार्गहरुमा विश्रामस्थल, पिउने पानी, शौचालय जस्ता अत्यावश्यक पूर्वाधारहरुको निर्माणमा जोड दिईनेछ। नयाँपुल-मोहरिया-लब्सीबोट-भूकताङ्ले-भमरकोट-माटे-जलजला-हम्पाल पदमार्गलाई हिमश्रृङ्गलाहरुको दृष्यावलोकन सहितको मनोरञ्जनात्मक ट्रेकिङ रुट **(Recreational Trekking Route)** को रुपमा प्रचार प्रसार तथा ब्रान्डिङ गरिनेछ। यस पदमार्ग सँग जोडिएका स्थानहरुमा रहेका बाँझो र उपयोगविहिन सरकारी तथा सार्वजनिक जग्गामा संभावनायुक्त बालानाली, फलफूल, तरकारी, जडिबुटी खेतीलाई प्रवर्द्धन गर्न **हाई अल्टिच्युड फार्मिङ**मा जोड दिईनेछ।

२५. पर्वत, कास्की तथा स्याङजा जिल्लाको संगमस्थलको रुपमा रहेको प्रसिद्ध धार्मिक क्षेत्र पञ्चासे सम्म पुग्ने मोदी गाउँपालिका तर्फको पर्यटकिय रुटमा विश्रामस्थल, पिउने पानी, शौचालय, पर्यटक सुचना बोर्डहरु लगायतका पूर्वाधार सहितको पदमार्गको निर्माण एवं पुराना

मुलबाटोहरुको स्तरोन्नती गरिनेछ। पञ्चासे हम्माल जलजला पर्यटकिय क्षेत्रमा रहेका पदमार्गहरुलाई एक आपसमा अन्तरआवद्ध गरी पर्यटिकिय परिपद निर्माण गरी धार्मिक जैविक विविधता प्राकृतिक तथा साहसिक पर्यटनको केन्द्रको रुपमा एकिकृत विकास गर्न छिमेकी स्थानिय तहहरु सँग आन्तरपालिका साझेदारी कार्यक्रम संचालन गरिनेछ।

२६. गाउँपालिकाको प्रमुख आदीबासी जनजातीको रुपमा रहेका गुरुङ र मगर जाती सँग सम्बन्धित रितिरिवाज लोक संस्कृती, रितिरिवाज, रहनसहन बाजागाजा जस्ता ऐतिहासिक पक्षहरुको जगेर्ना गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। मोदी ८ चित्रेमा रहेको गुरुङ संग्रहालयलाई थप व्यवस्थित बनाईनेछ साथै मोदी ४ लेस्पारमा मगर संग्रहालयको निर्माण कार्यलाई सम्पन्न गरिनेछ।

२७. मोदी गाउँपालिका वडा नं ४ स्थित लेस्पार गाउँलाई पर्यटकिय गन्तव्यको साथसाथै **मगर संस्कृती सहितको सम्पदा गाउँको** रुपमा विकास गरिनेछ।

२८. मोदी गाउँपालिका वडा नं ८ मा अवस्थित हिमछायाँ काललाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न आवश्यक पर्यटन पूर्वाधार सहित एक जैविक विविधता पार्कको स्थापना गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

२९. **" मुल्य मान्यता सहितको गुणस्तरीय शिक्षा : समृद्ध मोदीको आधार"** भन्ने नारासहित सामुदायिक विद्यालयको गुणस्तर सुधार गरिनेछ। विद्यालयहरुको भौतिक तथा शैक्षिक पूर्वाधारको आवश्यक स्तरोन्नती गरिनेछ ।

३०. बालकक्षा शिक्षक, विद्यालय कर्मचारी, शिक्षक र प्रधानाध्यापक कार्यक्षेत्रमा उच्च मनोवलका साथ सम्मानजनक तवरले कार्य सम्पादन गर्न प्रोत्साहन गरिनेछ ।

३१.शिक्षक क्षमता विकास, तालिम तथा प्रोत्साहनका कार्यक्रमहरु लागू गरिनेछ। शिक्षालाई नैतिक संस्कारयुक्त, जिवनोपयोगी र गूणस्तरिय बनाउन विद्यालयहरुको नियमित अनुगमन, सुपरिवेक्षण गरिनेछ। सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गरिनेछ।

३२. विद्यालयमा प्रविधिमैत्री सिकाइ, स्मार्ट कक्षा, डिजिटल पुस्तकालय तथा सूचना प्रविधिमा आधारित शिक्षण तथा सिकाईमा जोड दिईनेछ। सुचना प्रविधिको प्रयोग मार्फत शिक्षण सिकाईका असल अभ्यास आदान प्रदान तथा विद्यार्थीहरुलाई अन्य विद्यालयको शिक्षण अभ्यासको बारेमा ज्ञान आदान प्रदान गर्न Inter School Distance Teaching Learning Program लागु गरिनेछ।

३३. प्राविधिक तथा सीपमूलक शिक्षालाई प्राथमिकता दिँदै युवालाई रोजगारी र उद्यमशीलतासँग जोडिनेछ।

३४. शिक्षालाई संस्कार एवं मुल्य मान्यतामा आधारित बनाउन नेपालको संविधान मुलुकी देवानी तथा अपराध संहिताको कानुनी प्रावधानहरु तथा नैतिक शिक्षाको कक्षाहरु संचालन गरिनेछ।

३५. विदर्यार्थी संख्या न्यून भएका माथिल्लो कक्षाहरु नजिकको अर्को विद्यालयमा समायोजन गरी **बिग स्कुल मोडलको नीति अंगिकार गरिनेछ।** गाउँपालिका भित्र संचालित साविक उच्च माध्यमिक विद्यालय हाल माध्यमिक तह को कक्षा ११ र १२ लाई भौगोलिक रुपमा सुगम तथा भौतिक पूर्वाधार सम्पन्न माध्यमिक विद्यालयमा एकिकृत मोडलमा संचालन गरिनेछ।

३६. विद्यालय शिक्षा क्षेत्र योजना (**School Education Sector Program**) को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न स्थानिय आवश्यकता प्राथमिकता तथा तथ्यमा आधारित स्थानिय शिक्षा योजना **(Local Education Plan)** तर्जुमा गरी चालु आर्थिक वर्षभित्र स्वीकृत गरिने तथा आगामी आर्थिक वर्षदेखि पुर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ।

३७. गाउँपालिकाको एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली लाई तथ्यपरक अद्यावधिक विश्वसनिय तथा प्रमाणमा आधारित बनाईनेछ। शैक्षिक तथ्यांकको गुणस्तर अभिबृद्धि गर्दे योजना निर्माण बजेट विनियोजन अनुगमन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाईनेछ।

३८. अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ को पुर्ण कार्यान्वयनका लागि २०८४ चैत्र मसान्त भित्र गाउँपालिका क्षेत्रभित्रका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा ल्याईनेछ। विद्यालय बाहिर रहेका विद्यार्थीहरुको पहिचान, भर्ना, पुन: भर्ना तथा निरन्तर सिकाई सुनिश्चित गर्न विशेष अभियान संचालन गरिनेछ।

३९. विद्यालयको सुरक्षित समावेशी बालमैत्री तथा सिकाईमैत्री वातावरण निर्माणका लागि आवश्यकतामा आधारित विद्यालय भौतिक पूर्वाधार, विकास योजना तयार गरी कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, पुस्तकालय, विज्ञान प्रयोगशाला, सुचना प्रविधि, प्रयोगशाला तथा खेलकुद पूर्वाधारको क्रमिक विकास गरिनेछ।

४०. विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनका सिद्धान्त अनुसार विद्यालय भवन तथा शैक्षिक पूर्वाधार निर्माण, मर्मत तथा व्यवस्थापन कार्यलाई प्राथमिकता दिईनेछ।

४१. अपाङ्गता भएका बालबालिका, विपन्न, दलित, जनजाती, अल्पसंख्यक, सिमान्तकृत समुदाय तथा अन्य जोखिममा रहेका बालबालिकाको शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्दै समावेशी शिक्षा प्रवर्द्धन गरिनेछ।

४२. विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि आवश्यक सिकाई सामग्री, सहायक उपकरण, पहुँचयुक्त भौतिक संरचना तथा आवश्यक सहयोगी सेवाको व्यवस्था गर्दै समावेशी सिकाई वातावरण सुदृढ गरिनेछ।

४३. प्रारम्भिक बालबिकास तथा बालशिक्षा लाई विद्यालय शिक्षाको आधारस्तम्भको रुपमा विकास गर्दै बालबिकास केन्द्रहरुको गुणस्तर सुधार, बसाई तथा सिकाई कुनाको व्यवस्थापन तथा बाल कक्षा शिक्षक क्षमता विकासमा जोड दिईनेछ।

४४. शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन, समिति तथा अभिभावकहरुको क्षमता विकास गर्दै विद्यालय सुशासन नतिजामुखी व्यवस्थापन तथा जवाफदेहिता प्रणालीलाई सुदृढ गरिनेछ।

४५. विद्यालयहरुमा लैगिक समानता, बालअधिका र बालसुरक्षा, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमलाई संस्थागत गरिनेछ।

४६. शैक्षिक सुशासन, पारदर्शिता तथा सार्वजनिक उत्तरदायित्व अभिबृद्धिका लागि नियमित अनुगमन, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई तथा विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

४७. बालिका शिक्षा लैंगिक समानता तथा समावेशी शिक्षाको प्रवर्द्धनको लागि बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन सुदृढीकरण तथा प्रभावकारी परिचालन गरिनेछ। सञ्जाल मार्फत विद्यालय भर्ना नियमितता, सिकाई, निरन्तरता, नेतृत्व विकास तथा विद्यालय बाहिर रहने जोखिममा रहेका बालबालिकाको पहिचान र सहयोगका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

४८. खेलकुद, नवप्रवर्तन तथा युवा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ। खेलकुद क्षेत्रको पूर्वाधार सहितको एकिकृत विकासमा जोड दिईनेछ। विद्यालय तहमा आधिकारिक प्रशिक्षकहरुबाट खेलकुदको प्रशिक्षणहरु नियमित रुपमा संचालन गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

४९. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइनेछ।

५०. मातृ तथा शिशु स्वास्थ्य, पोषण सुधार, किशोरी स्वास्थ्य तथा मानसिक स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

५१. विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा एकल महिलाका लागि स्वास्थ्य पहुँच विस्तार गरिनेछ। नसर्ने रोग परिक्षणका लागि विशेषज्ञ सेवा सहितका स्वास्थ्य शिविरहरु गाउँबस्ति स्तरमा सञ्चालन गरिनेछ ।

५२. स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी, उपकरण तथा जनशक्तिको व्यवस्थापन गरिनेछ। सामुदायिक स्वास्थ्य र सरसफाईलाई प्रवर्द्धन गर्न चुल्हो तथा जुठेल्नो सुधारका कार्यक्रम बनाई लागू गरिनेछ ।

५३. आयुर्वेद, योग तथा प्राकृतिक उपचार सेवाको विस्तार तथा सुदृढिकरण गरिनेछ। नागरिक आरोग्यता सँग सम्बन्धित कार्यक्रमहरुलाई वडा स्तर सम्म संचालन गरिनेछ।

५४. मोदी गाउँपालिकाको वडा नं २, ५ र ६ को डिमुवा तथा पातीचौर क्षेत्रका नागरिहरुलाई सर्वसुलभ एवं गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न मोदी गाउँपालिकाको प्रशासनिक केन्द्र पातीचौर बजारमा **सामुदायिक स्वास्थ्य ईकाई स्थापना** तथा संचालन गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

५५. लैंगिक समानता तथा सामाजिक समावेशीकरण एवं मुलप्रवाहीकरण लाई प्रवर्द्धन गर्न गाउँपालिकाका सम्पूर्ण नीति, योजना तथा बजेटमा समाहित गरिनेछ। महिलाहरुको संविधान तथा कानुन प्रदत्त हक अधिकारको संरक्षण सम्वर्द्धन गर्दै महिलाहरुको क्षमता विकास आयआर्जन एवं जिविकोपार्जन सुधार तथा सशक्तिकरणलाई केन्द्र बिन्दुमा राख्दै **दिदिवहिनीसंग अध्यक्ष** कार्यक्रमलाई थप परिष्करण सहित निरन्तरता दिईनेछ।

५६. महिलाको नेतृत्व विकास, आर्थिक सशक्तीकरण तथा उद्यमशीलता विकास सँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५७. दलित, जनजाति, अल्पसंख्यक, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका व्यक्तिको सार्थक पहुँच र सहभागिता सुनिश्चित गरिनेछ। आर्थिक सामाजिक रुपमा पछाडी परेका विपन्न, गरिब, दलित, सिमान्तकृत वर्ग एवं एकल महिलाहरुको आर्थिक सामाजिक विकास सशक्तिकरण तथा मुलप्रवाहीकरणको लागि सहकारी तथा निजी क्षेत्र सँगको सहकार्य एवम् तहगत सरकारहरुको समन्वयमा लक्षित कार्यक्रम संचालन गरिनेछ।

५८. कुनै पनि सामाजिक सुरक्षा कार्यक्रमले समेट्न नसकेका ५० वर्षभन्दा माथिका गरिव, दलित, सिमान्तकृत, एकल, अविवाहित पुरुष/ महिलाको जिवनयापनमा सहयोग गर्न राहत स्वरुप मासिक जिवन निर्वाह भत्ता प्रदान गरिनेछ।

५९. लैंगिक हिंसा, घरेलु हिंसा,यौनजन्य हिंसा बालश्रम तथा मानव बेचबिखन विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। महिला विरुद्ध हुने सबै प्रकारका हिंसा बिरुद्ध सामुहिक ऐक्यबद्धता सहितका सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

६०. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

६१. ज्येष्ठ नागरिकको ज्ञान सीप र अनुभवलाई उपयोग गर्न प्रदेश सरकारको सहकार्यमा अन्तरपुस्ता सिकाई तथा संवाद कार्यक्रम संचालन गरिनेछ साथै ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।समुदाय स्तरमा जेष्ठ नागरिकहरु सँग अनुभव आदान प्रदान को लागि **ज्येष्ठ नागरिक सँग भलाकुसारी** कार्यक्रम संचालन गरिनेछ।

६२. मोदी गाउँपालिका वडा नं २ र वडा नं ५ लाई बालमैत्री स्थानिय शासनयुक्त तथा बालश्रममुक्त वडा घोषणाका साथै बालमैत्री स्थानिय शासनयुक्त गाउँपालिका घोषणा गरि बालमैत्री स्थानिय शासनको दिगोपनाको कार्यक्रमलाई निरन्तरता दिईनेछ। गाउँपालिकामा निर्माण गरिने प्रत्येक भौतिक संरचनालाई बालमैत्री हुनेगरी निर्माण गर्ने तथा निर्णय प्रक्रियामा बालबालिकाको सार्थक र अर्थपुर्ण प्रतिनिधित्व एवं सहभागिताको सुनिश्चतता गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

६३. सुरक्षित, दिगो र वातावरणमैत्री बालमैत्री लैंगिकमैत्री दिगो पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ। दिगो एवं पर्यावरणमैत्री विकासको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि महासन्धी एवं प्रतिवद्धताहरुको स्थानियकरण गरी प्रभावकारी रुपमा लागू गरिनेछ।

६४. रणनीतिक सडक, झोलुङ्गे पुल, खानेपानी तथा सिंचाइ आयोजनाहरुलाई उच्च प्राथमिकता दिइनेछ।

६५. जायगाउँ-थामार्जुङ-तिलाहार-डिमुवा-ठाना-गिज्यान,गाडतारा, पातिचौर-टिमुरे-क्याङ्ग, पातिचौर-देउपुर-भुक-झिलबराङ, कु.न.पा.-११- गोतामेथर- राँपु, मख- देउपुर- ठुलीपोखरी- पुर्णगाउँ लाङ्दी- घुरुङ्गा सडक लगायतका ग्रामिण सडक पूर्वधारको मर्मत संभार तथा स्तरोन्नतिलाई निरन्तरता दिईनेछ। सडक पहुँच नपुगेका बस्तीमा सडक सञ्जाल विस्तार गरिनेछ। कृषि सडकहरुको निर्माणमा जोड दिईनेछ।

६६. जलवायु उत्थानशील तथा विपद् प्रतिरोधी पूर्वाधार निर्माणमा जोड दिईनेछ। विपद् जोखिम न्युनिकरणका लागि भरपर्दो सूचना प्रणाली, पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनाको कार्यलाई प्रभावकारी बनाउन संघ, प्रदेशका कार्यालयहरु र निकायहरुसंगको सहकार्य र समन्वयमा आवस्यक व्यबस्था मिलाईनेछ।

६७. सुरक्षित खानेपानी तथा सरसफाइ सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ। पानीका मूहान संरक्षण, भू-क्षय नियन्त्रण, भूमिगत जल पुनर्भरण कार्यलाई प्राथमिकता दिई विकासात्मक कार्यहरुसंग अनुकुलन गरिनेछ।

६८.सुनचाप पहिरोको दिगो व्यवस्थापनको लागि संघिय तथा प्रदेश सरकारका सम्बन्धित निकाय सँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

६९. गाउँपालिका भित्रका ऐतिहासिक पुरातात्विक धार्मिक तथा सांस्कृतिक रुपले महत्वपुर्ण सम्पदाहरुको संरक्षण सम्वर्द्धनमा जोड दिईनेछ। परम्परागत धारा, पँधेरा, कुवा, ईनार, पाटी, पौवा, सत्तल. मठ. मन्दिर, मुलबाटो, डहर, वरपिपल चौतारी आदीको मर्मत सम्भार पुर्ननिर्माण तथा जिर्णोद्धार गरिनेछ।

७०. भवन संरचना निर्माणमा प्रचलित कानुन बमोजिमको भवन आचार संहिताको कडाईका साथ कार्यान्वयन गरिनेछ। साविकमा निर्माण भएका भवन संरचनाहरुको अभिलेखीकरणलाई अनिवार्य गरिनेछ।

७१. विभिन्न समयमा ठेक्का आव्हान भई निर्माण सम्पन्न हुन नसकेका रुग्ण आयोजनाहरुको प्रचलित कानुनी व्यवस्थाको अधिनमा रहि बमोजिम निर्माण सम्पन्न एवं फरफारक गरी **रुग्ण आयोजना रहित गाउँपालिका निर्माण** गर्नेतर्फ जोड दिईनेछ।

७२. गाउँपालिकाको अमुल्य निधिको रुपमा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको रुपमा रहेका दरबारहरु, कोटहरु, मठ, मन्दिर, पाटी, पौवा, सत्तल, पानीघट्ट, मुलबाटो, घोडेटो बाटो आदीको संरक्षण सम्वर्द्धन, पुर्न निर्माण, मर्मत सम्भार तथा जिर्णोद्धारमा जोड दिईनेछ। **सम्पदा संरक्षणलाई संघिय सरकारको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सँग आवद्ध** गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

७३. वन, वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै हरित विकासको अवधारणालाई कार्यान्वयन गरिनेछ।

७४. सामुदायिक वन उपभोक्ता समिति सँगको सहकार्यमा **एक सामुदायिक वन एक पोखरी कार्यक्रम** संचालन गरिनेछ। सामुदायिक वनको दिगो उपयोगको लागि सामुदायिक वन उपभोक्ता समुहको क्षमता विकास तथा सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछन ।

७५. जलवायु परिवर्तन अनुकलनमा आधारित विपद् व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ। जलवायु परिवर्तन उत्थानशिल वातावरण संरक्षण तथा विपद व्यवस्थापनको लागि वन डढेलो नियन्त्रण, जलाधार संरक्षण तथा नदी प्रणाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

७६. वातावरण तथा पर्यावरणमा स्वच्छता कायम गर्दै चराचुरुङ्गीहरुको बासस्थानको संरक्षणको लागि ठुला बर, पिपल, समिका रुखहरुको संरक्षण एवं परम्परागत मुल बाटोमा रहेका चौतारीहरुको जिर्णोद्धार तथा मर्मत सम्भार गर्ने नीति लिईनेछ।

७७. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पूर्वसूचना, रोकथाम तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ। बाँदर नियन्त्रणका लागि संघिय तथा प्रदेश सरकारले अंगिकार गरेका नीति नियमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन तथा स्थानिय सिप र ज्ञानलाई उपयोग गरिनेछ।

७८. फोहोरमैला व्यवस्थापन तथा प्लास्टिक न्यूनीकरण अभियान सञ्चालन गरिनेछ। फोहोर मैलाको वर्गिकरण गरि **Reduce, Reuse and Recycle-3R** को नीति आवलम्बन गरिनेछ । प्लाष्टिक नियन्त्रणका लागि संघिय सरकारले लागू गरेका प्रतिवन्धहरुलाई कार्यान्वयन गरिनेछ।

७९. गाउँपालिकाको बजार क्षेत्रको फोहोरमैलाको दिगो व्यवस्थापनको लागि व्यवस्थित फोहोरमैला व्यवस्थापन साईट निर्माण गरिनेछ। फोहोरमैला व्यवस्थापन तथा पर्यावरणीय स्वच्छता कायम गर्न बजार क्षेत्रका टोल सुधार समितिहरु सँग आवश्यक सहकार्य गरिनेछ। वातावरणीय स्वच्छता तथा दिगोपना कायम गर्न सार्वजनिक स्थलहरु बाँझो र प्रयोगविहिन सरकारी सार्वजनिक जग्गाहरु एवं सामुदायिक वनहरुमा वहुउपयोगि वृक्ष वनस्पतीहरु वृक्षारोपण गर्ने नीति लिईनेछ।

८०. सामुदायिक वनलाई आयआर्जन, उद्यम र पर्यटनसँग जोडिनेछ। वन पैदावारमा आधारित उद्यम तथा व्यावसायलाई प्रवर्द्धन गरिनेछ। संघिय प्रदेश तथा गाउँपालिकाको स्थानिय वन ऐनको प्रभावकारी कार्यान्वयन गर्दै वन पैदावारलाई स्थानिय आयस्रोतको रुपमा विकास गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

८१. गाउँपालिकामा उत्पादनमुखी, रोजगारमुखी तथा उद्यमशील स्थानिय अर्थतन्त्र विकासमा जोड दिईनेछ । गाउँपालिका भित्र सम्भावनाको रुपमा रहेका तर पुँजी र प्रविधिको अभावमा ओझेलमा परेका परम्परागत सिप र प्रविधिको आधुनिकिकरण तथा नवप्रवर्तनमा जोड दिईनेछ।

८२. लघु, घरेलु तथा महिला उद्यमलाई विशेष प्राथमिकता दिइनेछ। स्टार्टअप पूँजीका लागि कर्जामा व्याज सहुलियत तथा आवस्यक अनुदानमा महिला उद्यमीहरुलाई प्राथमिकता दिइनेछ । उद्यमशिलता विकासमा निजी तथा सहकारी क्षेत्र सँग सहकार्य गरिनेछ।

८३. गाउँपालिका भित्र संचालनमा रहेका सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन नियमन सुपरिवेक्षणलाई प्रभावकारी बनाउँदै सहकारी संस्थाहरुको क्षमता विकास पुँजी परिचालन ऋण तथा कर्जा असुलीमा आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ। निष्कृय तथा खराव आर्थिक अवस्था भएका सहकारीहरुलाई संघिय तथा प्रदेश सरकारको नीतिलाई आत्मसात गर्दै एक आपसमा मर्ज एक्विजिशन वा लिक्विडेशनमा लैजाने नीति अवलम्वन गरिनेछ।

८४. **युवासंग उपाध्यक्ष कार्यक्रमलाई** थप प्रभावकारी बनाई लागू गरिनेछ ।युवाहरुलाई तत्काल रोजगारी प्राप्त हुने तथा स्वरोजगारलाई प्रवर्द्धन हुने किसिमका रोजगारमुलक तालिमहरु संचालन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका र स्वदेशमै केहि उद्यम गर्न चाहने गाउँपालिका भित्रका युवाहरुलाई बैक तथा वित्तिय संस्थाहरु सँगको सहकार्यमा स्टार्टअप पुँजी उपलब्ध गराईनेछ।

८५. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रममा आवद्ध बेरोजगार युवाहरुलाई समावेश गरी प्रत्येक वडामा वडाध्यक्षको प्रत्यक्ष मातहत तथा सुपरिवेक्षणमा रहने गरी वडा स्तरिय बिकास दस्ता **(Municipal Development Workforce)** गठन गरिनेछ। त्यस्तो समुहलाई विपदको समयमा उद्धार, राहत वितरण, पुर्नस्थापना, पुर्ननिर्माण जस्ता कार्यमा **Disaster Response Team** को रुपमा परिचालन गर्ने नीति लिईनेछ। उक्त समुहलाई विपद व्यवस्थापन लगायतका विभिन्न क्षेत्रका आवश्यक सिपमुलक एवं व्यावसायिक तालिमहरु प्रदान गरी दक्ष बनाईनेछ।

**सभाका सदस्यज्यूहरू,**

८६. योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाइनेछ। वडा तथा विषयगत शाखासँग कार्यसम्पादन सम्झौता गरी उत्तरदायित्व प्रणाली थप सुदृढ गरिनेछ।

८७. नागरिकहरुलाई जग्गा प्रशासन सम्बन्धी सेवा एवं कर सँग सम्बन्धित सेवाहरु गाउँकार्यपालिकाको कार्यालयबाटै प्रदान गर्न सम्बन्धित केन्द्रिय निकाय सँग आवश्यक समन्वय एवं सहकार्य गरिनेछ।

८८. संघ, प्रदेश, निजी क्षेत्र, सहकारी तथा विकास साझेदार संघ संस्थाहरुसँग सहकार्य र साझेदारी विस्तार गरिनेछ। विकास साझेदारहरुको कार्यक्रमलाई बजेटमा समावेश गर्दै गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्ने नीति लिईनेछ । मोदी गाउँपालिकाको स्थापनाकाल २०७४  देखि २०८३ असार सम्म भएका विकास निर्माण एवं विषयक्षेत्रगत रुपमा भए गरेका कार्यहरुहरुको डिजिटल अभिलेख तयार गरी संस्थागत स्मरणको रुपमा अभिलेखिकरण एवं प्रचार प्रसार गरिनेछ।

८९. गाउँपालिकामा वित्तिय अनुशासन पारदर्शिता जवाफदेहिता तथा सुशासन प्रवर्द्धन गर्न र महालेखा परिक्षकको प्रतिवेदनमा औंलाईएका बेरुजुहरुलाई समयमै फर्छ्यौट गरी वित्तिय व्यवस्थापन प्रणालीलाई  प्रभावकारी बनाउन आगामी आर्थिक वर्षलाई वेरुजु फर्छ्यौट तथा वित्तिय सुशासन सुदृढीकरण वर्षको रुपमा कार्यान्वयन गरिनेछ। गाउँपालिकामा रहेको कुल अद्यावधिक वेरुजु रु २१६१३४८०२।–(एक्काईस करोड एकसठ्ठी लाख चौतिस हजार आठ सय दुई) रहेकोमा आगामी आर्थिक वर्षमा उक्त बेरुजुलाई पच्चिस प्रतिशतमा झार्ने उद्देश्य अनुरुप काम गरिनेछ ।बेरुजु फर्छ्यौट प्रक्रियालाई प्रभावकारी बनाउन लेखा समिति निर्वाचित जनप्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरुलाई आवश्यक अभिमुखीकरण, तालिम तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

९०. नेपाल सरकारले **National Public Finance Management Reform Strategy** स्वीकृत गरी कार्यान्वयन गरिसकेको सन्दर्भमा यसलाई स्थानियकरण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

९१. असंगठित क्षेत्रमा कार्यरत मजुदर तथा श्रमिकहरुलाई क्रमश **योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा** आवद्ध गरिनेछ। आगामी आर्थिक वर्षदेखि पहिलो चरणमा सार्वजनिक यातायात क्षेत्रमा कार्यरत गाउँपालिका भित्रका यातायात मजदुरहरुलाई उक्त कार्यक्रममा आवद्ध गरिनेछ।

९२. आगामी आर्थिक वर्षलाई गाउँपालिकाहरुले गरेका असल र अनुकरणीय अभ्यासहरुको संकलन प्रकाशन र प्रचार प्रसार गर्ने कार्यलाई प्राथमिकता दिंदै असल अभ्यास र सिकाई आदान प्रदान वर्षको रुपमा वर्षैभरी विभिन्न गतिबिधिहरु संचालन गरिनेछ।

९३. संविधान र कानुन बमोजिम गाउँसभा र कार्यपालिका अन्तर्गत रहने समितिहरुलाई क्रियाशिल बनाई समितिगत प्रणालीलाई संस्थागत गरिनेछ।

९४. गाउँपालिकाले हालसम्म जारी गरेका कानुनहरु राजपत्रमा प्रकाशन गर्नुपर्ने भनि तोकिएका कानुनी दस्तावेजहरु (ऐन नियमावली कार्यविधि निर्देशिका नीति मापदण्ड तथा सुचना) अद्यावधिक गरी प्रदेश तहमा रहने कानुन अभिलेखीकरण प्रणालीमा प्रविष्ट गरिनेछ।

९५. गाउँपालिकाको एकिकृत क्यालेण्डरको प्रभावकारी कार्यन्वयन गर्दै गाउँपालिकाको शासकिय प्रवन्ध, विकास व्यवस्थापन, तथा सेवा प्रवाह लगायतका विषयक्षेत्र सँग सम्बन्धित कार्यक्रम तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ।

९६. सामाजिक आर्थिक जोखिम व्यबस्थापन प्रणाली Socio Economic Vulnerability Management System(SEVMIS) संचालनको लागि आवश्यक तथ्यांक संकलनको कार्य सम्पन्न गरि उक्त प्रणालीलाई गाउँपालिकाको सेवा प्रवाह सँग आवद्ध गरिनेछ। गरिव परिवार परिचयपत्र क्यु आरमा आधारित घर नं लगायतका डिजिटल सेवाहरुको शुरुवात गरिनेछ।

९७. गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालय एवं स्वास्थ्य संस्थाहरुबाट हुने सेवा प्रवाहलाई चुस्त छरिटो र गुनासोरहित बनाउन सुचना प्रविधिमा आधारित र गुणस्तरिय बनाईनेछ। गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको सेवा प्रवाहको Standard Operating Procedure तर्जुमा गरी कार्यालयको सर्भिस लेआउट डिजाईनलाई आकर्षक सेवाग्राहीमैत्री र प्रविधिमा आधारित बनाईनेछ। गाउँकार्यपालिकाको कार्यालय वा मातहतका निकायहरुको सेवा प्रवाहको गुणस्तर परिक्षण व्यवस्थापन परिक्षण लगायतका प्रचलित कानुन बमोजिमका विधि प्रविधिहरुको अवलम्वन एवं अनुशरण गरिनेछ।

९८. मोदी गाउँपालिका भित्रका खोला/नदीबाट नदीजन्य निर्माण सामग्री उत्खननको लागि गरिने आयठेक्का व्यवस्थापनलाई थप प्रभावकारी र वातावरणमैत्री बनाईनेछ। आगामी आ.व. ०८३।०८४ को लागि उत्खनन गर्न सकिने संभावित स्थलहरुको पहिचान र व्यवस्थापन गर्न

प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination) गरिनेछ। गाउँपालिकाको क्षेत्रभित्र संचालनमा रहेका जलविद्युत आयोजनाहरुबाट प्रचलित कानुनी व्यवस्था बमोजिम सम्बन्धित आयोजनाहरु सँग समन्वय गरी नदीजन्य निर्माण सामग्रीको उत्खनन तथा बिक्री गरी गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने निति लिईनेछ। बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपजन्य घटनाको कारण निजी जग्गामा थुप्रिएको नदीजन्य निर्माण सामग्रीलाई समेत स्थानिय करको दायरमा ल्याउने तथा अवैध चोरी निकासीलाई निरुत्साहित गर्ने नीति लिईनेछ।

९९. मोदी गाउँपालिकाको वडा नं. ४ स्थित माटे लेकमा अवस्थित स्लेट ढुंगा खानीको संचालनको लागि संभाव्यता अध्यन तथा सम्बन्धित संघिय तथा प्रादेशिक निकाय सँग आवश्यक समन्वय गरिनेछ।

१००. गाउँपालिका भित्रका सरकारी सार्वजनिक सम्पती एवं जिन्सी सामानहरुको व्यवस्थित डिजिटल अभिलेख तयार गरी संस्थागत स्मरणको रुपमा व्यवस्थित गरिनेछ। उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै आर्थिक अनुशासन, पारदर्शिता र वित्तीय सुशासन कायम गरिनेछ।

**अन्त्यमा,**

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा गाउँसभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी, शिक्षक, किसान, युवा, महिला समूह, सहकारी संस्था, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र तथा सम्पूर्ण मोदीवासीको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरेको छु।

**धन्यबाद !**

**हिरादेबी शर्मा**
**अध्यक्ष**
**मोदी गाउँपालिका**
**पातिचौर,पर्वत**